# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बराहपोखरी गाउँपालिका
## खोटाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बराहपोखरी गाउँपालिका

## खोटाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बराहपोखरी गाउँपालिका

खोटाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ २०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ८६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,
बराहपोखरी गाउँपालिका, बराहपोखरी गाउँ कार्यपालिकाको कार्यालय,
खोटाङ ।

१. **कैफियत सहितको राय** — हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड १ लाख १३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.६२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४० लाख ८८ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू.४८ लाख २९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १० लाख ८६ हजार र पेश्की बाँकी रु.४८ हजार समेत रु.३ करोड ५१ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रु.१२ करोड ५६ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा यस बर्ष रु.११ लाख ७० हजार फर्यौट भई हालसम्मको

अद्यावधिक बेरुजू रु.१५ करोड ४५ लाख २ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(श्रीकुमार राई)**
**नायब महालेखापरीक्षक**

# बराहपोखरी गाउँपालिका, खोटाङ

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४७ | १०५ | ३०११३ | ० | १० | ६२ | ४७ | ९५ | ३००५१ | ४०८८ | २१०८६ | ४८२९ | ० | ० | २५९१५ | ४८ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| खोटाङ | १२५६२१ | ० | ११७० | १२४४५१ | ० | ३००५१ | १५४५०२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० | ३६ | असुली भएको प्रमाण पेश | १९९९० |
| २ | २०७९।८० | ३७ | असुली भएको प्रमाण पेश | १४४७८ |
| ३ | २०७९।८० | ७२ | असुली भएको प्रमाण पेश | २७२०० |
| | चालु वर्षको जम्मा | | | **६१६६८** |
| १ | २०७४।७५ | ३३ | बढी दैनिक भ्रमण भत्ता असुली | ७२०० |
| २ | २०७६।७७ | १३ र १४ | बढी दैनिक भ्रमण भत्ता असुली | १७२४० |
| ३ | २०७६।७७ | १३ र १४ | बढी दैनिक भ्रमण भत्ता असुली | २०८९० |
| ४ | २०७६।७७ | १४ | बढी दैनिक भ्रमण भत्ता असुली | ३६०० |
| ५ | २०७६।७७ | १४ | बढी दैनिक भ्रमण भत्ता असुली | ६२५ |
| ६ | २०७६।७७ | १३ र १४ | बढी दैनिक भ्रमण भत्ता असुली | १७६० |
| ७ | २०७६।७७ | १३ र १४ | बढी दैनिक भ्रमण भत्ता असुली | ५०० |
| ८ | २०७६।७७ | १३ र १४ | बढी दैनिक भ्रमण भत्ता असुली | ६०० |
| ९ | २०७६।७७ | १३ र १४ | बढी दैनिक भ्रमण भत्ता असुली | १२०० |
| १० | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ४९६० |
| ११ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ६६०० |
| १२ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ४२५० |
| १३ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०२०० |
| १४ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १५५०० |
| १५ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०९०० |
| १६ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०२०० |
| १७ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ११६४० |
| १८ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ३४०० |
| १९ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ४२५० |
| २० | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ६०० |
| २१ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ५९५० |
| २२ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०२०० |
| २३ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ३४०० |
| २४ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ३४०० |
| २५ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०२०० |

| | | | | |
|---|---|---|---|---|
| २६ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०२०० |
| २७ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०२०० |
| २८ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०२०० |
| २९ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ११०५० |
| ३० | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ११०५० |
| ३१ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ११०५० |
| ३२ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १२७५० |
| ३३ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ५१०० |
| ३४ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ५९५० |
| ३५ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ६८०० |
| ३६ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०२०० |
| ३७ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ६८०० |
| ३८ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०२०० |
| ३९ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०२०० |
| ४० | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०२०० |
| ४१ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १०२०० |
| ४२ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | २९२० |
| ४३ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | १७६० |
| ४४ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ७९९० |
| ४५ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ८५० |
| ४६ | २०७६।७७ | १३. १४ ,१२ | बढी बैठक भत्ता असुली | ११०० |
| ४७ | २०७६।७७ | २१ | बढी भत्ता असुली | ४०८० |
| ४८ | २०७६।७७ | २१ | बढी भत्ता असुली | ४०८० |
| ४९ | २०७६।७७ | १२, १४ , २० | बढी भत्ता असुली | १२५५० |
| ५० | २०७५।७६ | १५ | कर छुट असुली | ६७५० |
| ५१ | २०७५।७६ | ३१ | पोशाक भता असुली | ५९४००० |
| ५२ | २०७५।७६ | ६६ | राजश्व घटी असुली | १२९९३ |
| ५३ | २०७४।७५ | ३८ | प्रमाण पेश भएको | २००००० |
| गत विगत वर्षतर्फको | | | | ११७०४८८ |
| कुल जम्मा | | | | १२३२१५६ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## परिचय

१ **(क) बराहपोखरी गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडारहेको छ भने क्षेत्रफल१४१.६ वर्ग किलोमिटर तथा ११,३९७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।१६ देखि २०८०।६।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय — व्ययतर्फ रु. ४६३५३५५५५.०९, को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४८०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | छात्रवृत्ती रकम बढी भुक्तानी वेतुवा मा वि | ४८०० |

झ) **सम्परीक्षणको क्रममा असुली -** सम्परीक्षणको क्रममा निम्नाअनुसारको रु.९७०४८८ असुल भई दाखिला प्रमाण पेश भएको छ । विस्तृत विवरण अनुगमन सम्परीक्षणमा रहेको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परिक्षण**

**वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ।

**वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५०६१९९१३, स्थानीयतह प्रशासकिय भवन कार्यक्रमको रु.७४९०८६० र पर्यटन वोर्ड नेपाल तर्फको रु.९८२१३० समेत गरी रु. ५,९०,९२,९०३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**फरक हिसाब –** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४९३२८१४ , यस वर्षको प्राप्ति रु.६१५६२४३२,यस वर्षको भुक्तानी रु.५८१८४६८९२ बैङ्क मौज्दात रु.७३९४५फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण१ | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६,४५,९३,५५३ | ३४,२३,१२,३८४ | ३४२३१२३८४ | ३,६५,२७,२२२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५९६६०७३९ | ४०३८७४८१६ | ४००४९७०७३ | ३६४५३२६८ |
| **फरक** | **-४९३२८१४** | **६१५६२४३२** | **५८१८४६८९** | **-७३९५४** |

पालिकामा देहायबमोजिमका कोषहरु रहेका छन् ।

| धरौटी तथा कोषहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| पालिकाले प्राप्त तथा भुक्तानी गरेको धरौटी तथा सञ्चालन गरेका कोषहरुबाट भएको प्राप्ती तथा भुक्तानी देहाय अनुसार छः | | | | | | |
| कोष वा श्रोत | शुरु मौज्दात | यो वर्ष थप | जम्मा | यो वर्षको भुक्तानी | | बाकी |
| | | | | फिर्ता / खर्च | सदरस्याहा | |
| धरौटी | २८,८४,०४६.७५ | २७,००,६७०.०० | ५५,८४,७१६.७५ | ६,६७,४३४.२६ | ३३,७६२.०० | ४८,८३,५२०.४९ |
| कोष | | | | | | |
| आकस्मिक कोष | १२,००,०००.०० | ० | १२,००,०००.०० | ११,७९,०००.०० | ० | २१,०००.०० |
| महिला तथा वाल विकास कोष | १,२०,०००.०० | ० | १,२०,०००.०० | ० | ० | १,२०,०००.०० |
| प्रकोप व्यवस्थापन कोष | ५१,१६,९१३.९७ | ० | ५१,१६,९१३.९७ | ० | ० | ५१,१६,९१३.९७ |
| कर्मचारी कल्याण कोष | ४८,०६,९९४.०० | ० | ४८,०६,९९४.०० | ० | ० | ४८,०६,९९४.०० |
| बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) | ६,९३,८२०.०० | १३,६३,०७२.५० | २०,५६,८९२.५० | ९,५४,०००.०० | ० | ११,०२,८९२.५० |
| **जम्मा** | **१,१९,३७,७२७.९७** | **१३,६३,०७२.५०** | **१,३३,००,८००.४७** | **२१,३३,०००.००** | | **१,११,६७,८००.४७** |
| **कुल जम्मा** | **१,४८,२१,७७४.७२** | **४०,६३,७४२.५०** | **१,८८,८५,५१७.२२** | **२८,००,४३४.२६** | **३३,७६२.००** | **१,६०,५१,३२०.९६** |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३ बजेट तथा योजना

**आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

**बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा

तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेता पनि ऐनको व्यवस्था अनुरुप प्रभावकारी कार्यान्वयन भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**बजेट पेश, पारित र अख्तियारी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०७९।३।१० मा रु.३६करोड ८८ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०७९।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

**बजेट अवण्डा –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष अध्यक्ष उपाध्यक्ष कार्यक्रम अन्तर्गत ३० लाख,योजना नखुलेको डिपि आर रु.४००००० समेत रु.७०,००,००० अबण्डा बजेट व्यवस्था गरी खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

**योजनाप्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार कुल २१६योजनामा वजेट विनियोजन गरेको छ।

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी

नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.१० लाखमाथिका | रु.५÷१० लाख सम्मका | रु. २÷५लाख सम्मका | रु.१÷२लाख सम्मका | रु.१ लाख सम्मका |
|---|---|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | २१६ | २२ | २३ | ६८ | ४० | ५९ |

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक नियन्त्रण प्रणाली** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले समितिहरु गठन गरेकोता पनि समितहरुवाट प्रभावकारी कार्य भएको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । साहायक जिन्सीखातामा जिन्सी सामाग्री बुझिलिएको तथा फिर्ता गरेको विवरण अध्यवधिक गरेको छैन ।

- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ८२ जनाको दरबन्दी रहेकोमा ५० दरबन्दी रिक्त रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

- निजामतीसेवाऐन २०४९ कोदफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक लेखापरिक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ४ वटा नियमावली, २८कार्यविधि लगायत ४२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष कुल ३ विवाद दर्ता भएकोमा कुनै फस्यौंट नभई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

**सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा

अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

**सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

**आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ६८ व्यक्तिहरुलाई रु.९७५०००आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१९५३४३१को ४९.९२ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

**सेवाप्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकाले हालसम्म ९ वटा ऐन, ४ वटा नियमावली, २८ कार्यविधि लगायत ४२ वटा कानुन निर्माण गरी यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| जन्मदर्ता | ६४९ | ६४९ |
| मृत्युदर्ता | १०८ | १०८ |
| बसाईसराई दर्ता | ४३० | ४३० |
| विवाह दर्ता | १३५ | १३५ |
| सम्बन्धविच्छेद दर्ता | ३ | ३ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पञ्जिकरणतर्फ मात्र अभिलेख राखेको पाईयो भने पुर्वाधार विकासको अभिलेख राखेको पाईएन । पुर्वाधार विकासको अभिलेख नराखेको कारण योजनामा प्राथमिकीकरण हुन नसकेको तथा योजना कार्यान्वयनमा दोहोरो पना समेत हुन सक्ने जोखिम रहने हुदा अभिलेख अध्यावधिक विवरण राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **कन्टिन्जेन्सी खर्चको अभिलेख -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत रु.१८,३०,५६० खर्च गरेको छ । यसरी खर्च गरेको रकमको योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

९ **बजेट खर्च विश्लेषण**

**लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

**वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११६७७६०७२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

**क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २,२६,४७,८८० | १,३६,५८,३७२ | ४.०२% |
| २ | पूर्वाधारविकास | ८,१६,७६,४२१ | ६,४८,१२,६१२ | १९.०८ |
| ३ | सामाजिकविकास | १७,९१,३३,००० | १६,३७,७४,१०८ | ४८.२२ |
| ४ | बातावरणतथाविकास | ० | ० | ० |
| ५ | संस्थागतविकास, सेवाप्रवाहरसुशासन | ३,३५,११,००० | २,५७,०९,०६२ | ७.५७ |
| ६ | अन्यकार्यालयसंचालनतथाप्रशासनिक | ८,९४,०८,५६६ | ७,१७,१२,०७१ | २१.११ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.२ प्रतिशत र मा सबै आर्थिक विकासमा सबै भन्दा घटी ४.२ प्रतिशत रहेको छ भने बातावरण तथा विकासमा बजेट बिनीयोजन गरेको देखिएन ।पालिकाले सबै क्षेत्रहरुमा अनुपातिक बजेट विनियोजन गर्नु पर्दछ ।

**खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१९५३४३१ राजस्व बाँडफाँड र अनुदानबाट रु.३३५१९४४९५ समेत रु.४०,३८,७४,८१६ तथा गत बर्षको मौज्दात रु.५९६६०७३९ समेत आम्दानी भएकोमा चालु तर्फ रु.२२३७३००२९र पूँजिगत तर्फ रु.११६७७६०७२ र वित्तीय ब्यबस्था तर्फ रु.८६५७६१८६समेत रु.४२,७०,८२,२८७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.४५प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५११२०० खर्च भएको छ जुन आन्तरिक आयको २६१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५५ प्रतशित चालु र २८.८९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

**त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | पूँजिगत खर्चतर्फ | ११,५८,७८,२१६ | ४३,९१,९७८ | २,४०,५२,७१६ | ८,७४,३३,५२२ | २,४३,५७,८२१ |
| प्रतिशत | | १००% | ३.८ | २०.७६ | ७५.४५ | २१.२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुजिगत खर्च वार्षिक रु.११,५८,७८ हजार(निकाशा फिर्ता वाहेक) निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४३९१९७८(३.८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२,४०,५२,७१६(२०.७६प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.८७४३३५२२ (७५.४५प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२४३५७८२१(२१.२प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **औषधी खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति उल्लेख हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले रु.४९४९७३९ मध्ये रु.३६५६६८६को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने उल्लेखित विवरण नखुलाई औषधि हरु एक मुष्ठ आम्दानी जनाएको, स्वास्थ्य ईकाईका लागि खर्च जनाएकोमा हस्तान्तरण गरेको प्रमाण संलग्न नरहेको, औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **खर्चमा मितव्ययिता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमाआवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । पालिकाको आन्तरिक न्यून रहेको अवस्थामा पालिकाले यस वर्ष निम्न बमोजिम खर्च समानिकरण अनुदान र राजश्वबाडफाँट बाट प्राप्त भएको रकमवाट देहाय बमोजिम खर्च लेखेको छ ।

- अनुगमन मुल्याङ्कन भ्रमण खर्च र अन्य भ्रमण खर्च शिर्षकवाट पदाधिकारी कर्मचारीको भ्रमण खर्च लेख्दा भ्रमण अभिलेख नराखी तथा भ्रमणको स्पस्ट उदेश्य वेगर कतिपय पालिका क्षेत्र भित्रै भ्रमण तथा अनुगमन गरेको आधारमा भ्रमण खर्च लेखेको पाईयो भने भ्रमण गर्ने पदाधिकारी कर्मचारीवाट भ्रमण प्रतिवेदन समेत पेश भएको छैन ।
- मर्मत आदेश तथा अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।

- निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।
- विविध खर्चको प्रयोजन नखुलेको आवस्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो । सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो ।
- पुस्तक तथा सामग्री खर्च र पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च लेख्दा पर्तिस्पर्धात्मक तवरले नगरी खर्च गरेको छ ।
- कार्यालय सामाग्री तथा मसलन्द खर्च र फर्निचर खरिद गर्दा कार्यालयको आवस्यक्ता आंकलन गरी बार्षिक खरिद योजनाका आधारमा प्रतिस्पर्धात्मक बिधिवाट खरिद गर्नु पर्नेमा सो गरेको पाईएन । पालिकाको आन्तरिक आय अवस्था समेत ख्याल गर्दै यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१२ **आन्तरिक आय तथा राजश्व**

**आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२५,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१९,५३,४३१ अर्थात अनुमान भन्दा ७८.१३ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०३४२७१६२ | १९५३४३१ | ०.४८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.४८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| सि न | प्राप्तिको श्रोत | वार्षिक अनुमानितआय | आम्दानी | प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ११३१ - सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ५०,०००.०० | ३,०००.०० | ६.०० |
| २ | ११३१४ - भुमिकर/मालपोत | ३,००,०००.०० | ३,००,६६०.०७ | १००.२२ |
| ३ | ११३२१ - वहाल कर | १,००,०००.०० | ८७,३५९.८२ | ८७.३६ |
| ४ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ५०,०००.०० | ० | ०.०० |
| ५ | ११६९१ - अन्य कर | ६,९०,०००.०० | ६,२१,१८७.९३ | ९०.०३ |
| ६ | १४१५९ - अन्य स्रोतबाट प्राप्त रोयल्टी | १०,०००.०० | ५५,१४०.०० | ५५१.४० |
| ७ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ५०,०००.०० | १,८६,४००.०० | ३७२.८० |
| ८ | १४२२४ - परीक्षा शुल्क | ८०,०००.०० | ३४,०००.०० | ४२.५० |
| ९ | १४२४३ - सिफारिश दस्तुर | ४,००,०००.०० | ४,६९,९५५.०० | ११७.४९ |
| १० | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ३,००,०००.०० | ७,२००.०० | २.४० |
| ११ | १४२४५ - नाता प्रमाणित दस्तुर | ५०,०००.०० | १७,०००.०० | ३४.०० |
| १२ | १४२४९ - अन्य दस्तुर | २०,०००.०० | ९६,०००.०० | ४८०.०० |
| १३ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०,०००.०० | २४,०००.०० | ४८.०० |
| १४ | १४३११ - न्यायिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | ० | ०.०० |
| १५ | १४६११ - व्यवसाय कर | २,००,०००.०० | ० | ०.०० |
| १६ | १५१११– बेरूजू | १,००,०००.०० | ५१,५२९.०० | ५१.५३ |
| **जम्मा** | | **२५,००,०००** | **१९,५३,४३१** | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

**आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त न गरेको जनाई लेखापरीक्षणका लागी आन्तरिक आय ठेक्कामा पेश गरेको छैन । यसैगरी पालिका विगत बर्षहरुको उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नु पर्दछ ।

**राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले राजश्व संकलनमा कम्पुटरकृत प्रणाली अवलम्बवन गरेको भएता पनि रसिद रद्द गर्ने सक्ने अवस्था रहेको ,संकलन भएको राजश्व समेत लामो समय दाखिला नभएको कारण पालिकाको राजश्व व्यवस्थापन विश्वसनिय रहेको अवस्था देखिएन । राजश्व संकलन र दाखिलाको दैनिक,मासिक प्रतिवेदन तयार नगरेकोदाखिला भएको रकमलाई नै राजश्व आम्दानी जनाएको

कारण वडामा के कति रकम संकलन भयो प्रणालिको प्रयोग पुर्ण रुपमा भए नभएको सम्बन्धमा पालिकाले यकिन गरी रसिद नियन्त्रण तथा राजश्व असूलीलाई पुर्ण स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

**राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ।.साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले यकिन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

| वडा न | जिम्मेवार व्यक्तिको नाम | आम्दानी रु. | दाखिला रु. |
|---|---|---|---|
| ० | कोपिला राई | २२०४१७।- | २२०४१७।- |
| २ | रुविना आचार्य | १२६५८७।५७ | १२६५८७।५७ |
| ३ | विनय निरौला | १०९९७८।- | १०९९७८।- |
| ४ | अशोक राउत | १०८४६१।५- | १०८४६१।५- |
| ५ | देवन राई | ८३४६२।- | ८३४६२।- |
| ६ | देवान राई | ८००८०।- | ८००८०।- |
| **सबं वडाको कुल** | | **७२९९८६।०७** | **७२९९८६।०७** |

**व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२४००० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता

वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **प्राविधिक बिल र कार्यसम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **मूल्य अभिवृद्धि कर कट्टी -** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.९२५८६ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

| क सं | गो भौ न | निर्माण व्यवसायी/सप्लायर्स | पान नं | बिजक रकम | बिजक नं | मु अ कर | ३० प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ६।७९।५।३१ | जगदिश इम्पेक्स | ६००६८५४७८ | ९९०००० | ९०।५।२६ | ७९३८० | २३८१४ |
| २ | ८।७९।५।३१ | इन्फोटेक सप्लायर्स | ३०२७४३५८६ | ९९२५९२ | ०३५२।५।२६ | ११४१९२ | ३४२५७ |
| ३ | ३४।७९।०८।१५ | न्यू सनराईज स्टिल | ३०३९२१६१५ | १००००५० | ६०।७९।७।१९ | ११५०५० | ३४५१५ |
| जम्मा रु. | | | | | | | ९२५८६ |

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | ९२,५८६ |
|---|---|

१६ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने

ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

**१७ संगठन तथा कर्मचारी व्यवस्थापन**

**आयोगको परामर्श —** प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ ।

**तलवी प्रतिवेदन -**निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.१,४७,०९,५२८ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कार्यसम्पादनमा आधारित प्रोत्साहन भता कार्यविधि २०७८,का आधारमा कर्मचारी पारीश्रमिक शिर्षकवाट रु.७८६८९४ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी खर्च लेख्नु पर्दछ ।

**अवकास कोष**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजश्व बाँडफाट बाट कर्मचारी अवकास कोषमा पालिका चालु गोश्वार भौचर न ४३२।८०।३।२४ वाट रु.२३,००,०००. ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका

अनुदानबाट सोझैकर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,००,००० |

१८ **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष आकृति ट्रेलर्स लाई मेशिन खरिद वापत रु.५०,००० नाफामूलक संस्थालाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

१९ **फोहोरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७४४ जना रहेका छन। पालिकाले केवलेश्वर मेडि सेल्स बाट मिति ८०।२।७मा ८९१९ प्याकेट स्यानिटरी प्याड रु.८,९४,८४७ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१ **गुणस्तर सुनिश्चितता -** निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीको गुणस्तर सुनिश्चतताको लागि प्रयोगशाला परीक्षण (Lab test) गरिएको हुनु पर्दछ । निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग गरेका डण्डी, गिट्टी, सिमेन्ट, बालुवाको गुणस्तर परिक्षण गरेको छैन । उल्लिखित निर्माण सामाग्रीको Strength

test कार्यालयले गराउन लगाएको पनि देखिएन । निर्माण सम्पन्न पश्चातसमेत गुणस्तर परिक्षण गराएको नदेखिएकोले गुणस्तर सुनिश्चितता हुन सकेन । कार्यमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परिक्षण गराई गुणस्तर सुनिश्चित गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले नागरिकता सिफरिश तथा अन्य विवध प्रयोजन सम्बन्धी सफ्टवेयर खरिद गरी रु.४९७९९१ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

२३ **परामर्स तथा डिपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२४ **उपभोत्ता समिति दर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न १२३ वटा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.६,०७,९२,९६८ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२६ **जिन्सी व्यवस्थापन जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन .गर्नुपर्दछ ।

**जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

· जिन्सी आम्दानी आईटमवाईज नगरी एकमुष्ठ आम्दानी जनाएको,साहायक जिन्सी खाता अध्यावधिक नरहेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम नगरेको देखिएकोले कानुनको पालना गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ ।

**सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिका र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति सम्बन्धी अभिलेख घर जग्गाको लगत अभिलेख नरहेको कारण सम्पति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न सकिएन ।

**डोजर, लोडर, एक्साभेटर मर्मत** – पालिकामा रहेको डोजर, लोडर र एम्बुलेन्स को मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.४१७४५४० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले आम्दानी गरेको छैन । पालिकाले एम्बुलेन्स र डोजरको मर्मत तथा ईन्धन छुटै अभिलेख नराखी एकमुष्ठ विवरण राखेकोले एम्बुलेन्स र लोडरको मर्मत ईन्धन खर्च विश्लेषण गर्न सकिएन भने एम्बुलेन्सको आम्दानी समेत न्यून रहेको पाईयो ।लोडर पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले सवारी साधन खुल्ने खर्च विवरण अध्यावधिक गरी उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।

| मेशिनरी | संख्या | मर्मत तथा ईन्धन रकम | आम्दानी रकम |
|---|---|---|---|
| लोडर | १ | | ० |
| एम्बुलेन्स | १ | | १६८००० |
| **जम्मा** | २ | ४१७४५४० | १६८००० |

**सवारीसाधन खरिद**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ ।पालिकाले यस बर्ष राजश्व बाँडफाट स्रोतवाट निम्नाअनुसार रु.१३९८९०० का २ मोटरसाईकल खरिद गरेको छ ।आवस्यकता आंकलन गरेरमात्र सवारी साधन खरिद गर्नु पर्दछ ।

| गो भो न | सप्लार्यस | खर्च स्रोत | भुक्तानी रकम |
|---|---|---|---|
| ४५।७९।१०।११ | कालिका अटो लिंक प्रा.लि. | राजश्व बाँडफाट | ७०१००० |
| ७८।७९।१२।८ | राशी अटोमोवाइल्स | राजश्व बाँडफाँट | ६९८९०० |

| जम्मा | १३९९९०० |
|---|---|

सैद्धान्तिक बेरुजु

२७ **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ५७ जनालाई औसत ९९ दिनले ५९९९ दिन रोजगारी उपलव्ध गराई रु.३२,८०,८२२ श्रमिक ज्याला समेत रु.४७,५८,६१५ खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यविधि वेगर रु.१९१८४३ को जस्तापाता वितरण तथा रु.२१५१९६ का ५२०० मिटरु पाईप वितरण गरेको छ । वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

सैद्धान्तिक बेरुजु

२९ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्योट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.४८००० बाँकी रहेकोले उपभोक्ता समितिलाई पेश्की भुत्तानी गर्दा जमानत बेगर भुत्तानी हुने तथा आर्थिक वर्ष समाप्त हुदा सम्म फस्यौट नगरेकोले उक्त पेश्की नियमानुसार असुल फस्यौंट गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २९.१ | शत्रुधन प्रसाद सेठ | २०,००० |
| २९.२ | सिम्ले पानी तार जाली खरिद तथा व्यवस्थापन | २८,००० |
| | पेश्की | ४८,००० |

३० **गत आ.व. को पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले गत बर्ष आर्थिक बर्षमा दिएको पेश्कि रु यस आर्थिक बर्षमा समेत फस्यौंट नभएकोले अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| पेश्की बाँकी | रकम |
|---|---|
| कौशिल बस्नेत निर्माण सेवा प्रा.लि | ५०,००,००० |
| अम्बर बहादुर राउत | २५,००० |
| अम्बी थापा मगर | २५,००० |
| उदय बहादुर मगर | २५,००० |
| कुमार वि.क. | १७,१०० |
| कुमार वि.क. | २९,४०० |
| कृष्ण कुमारी राई | २५,००० |
| किन्दर मान राई | १७,१०० |
| किन्दर मान राई | २९,४०० |
| गंगा कुमारी परियार | १७,१०० |
| गंगा कुमारी परियार | २९,४०० |
| जित बहादुर राई | २५,००० |
| तिलक बहादुर मगर | २५,००० |
| दल बहादुर मगर | २५,००० |
| देव कुमार राई | १७,१०० |
| देव कुमार राई | २९,४०० |
| धनमान राई | १७,१०० |
| धनमान राई | २९,४०० |
| पदम बहादुर मगर | २५,००० |
| पवन राई | १७,१०० |
| पवन राई | २९,४०० |
| मंगल बहादुर मगर | २५,००० |
| मदीसरा राई | २५,००० |

| | |
|---|---|
| मन कुमार मगर | २५,००० |
| मनोज परियार | १७,१०० |
| मनोज परियार | २९,४०० |
| मिना कुमारी राई | २५,००० |
| रविन राई | १७,१०० |
| रविन राई | २९,४०० |
| रुविना आचार्य | १,३३,००० |
| सुवासचन्द्र घिमिरे | २५,००० |
| साङ्ग मायाँ तामाङ | १७,१०० |
| साङ्ग मायाँ तामाङ | २९,४०० |
| हर्क बहादुर मगर | २५,००० |
| हर्कराज राई | १७,१०० |
| हर्कराज राई | २९,४०० |
| हिरा कुमारी राई | २५,००० |

सैद्धान्तिक बेरुजु

३१ **कृषि तथा पशु सेवा प्राविधिक -** आर्थिक वर्ष २०७२/७३ को "एक गा.वि.स. एक कृषि तथा पशुसेवा प्राविधिक कार्यक्रम अनुसार "एक गाउँ एक कृषि प्राविधिक व्यावस्थापन कार्यविधि २०७३" तथा "एक गाउँ एक पशुसेवा प्राविधिक व्यावस्थापन कार्यविधि २०७३" अनुसार साविकको गा.वि.स. मा रा.प.अन. द्धितिय श्रेणी करारमा नियुक्त भएका प्राविधिकरुलाई साविकमा जुन स्थानिय तहमा कामकाज गरेको हो सोही स्थानीय तहमा सेवा निरन्तरता गरिरहेका प्राविधिकहरुको नेपाल सरकार बाट ६ महिनाको पारिश्रमिकचाडपर्व खर्च तथा सम्बन्धित पालिकाबाट ६ महिनाको पारिश्रमिक उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकामा साविकमा करारमा नियुक्त भएका प्राविधिकहरुको प्रमाण बेगर पालिकाबाट समानिकरणबाट रु.१७५०००० र शसर्त चालुबाट रु.१५००००० समेत गरि ६ जना प्राविधिकको जम्मा रु.३२५०००० खर्च गरेको छ । कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिकको तलबमा खर्च लेखेको रकमयकिन गरि नियक्तिको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००,००० |

३२ **किसान सुचिकरण -** किसान सुचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को बुँदा नम्बर २० मा सहजकर्ता तथा सम्पर्क व्यक्तिहरुको सेवा सुबिधा सम्बन्धि व्यावस्था अनुसार घरधुरि संख्याको आधारमा भुत्तानी दिनुपर्ने व्यवस्था रहेको छ । र कार्यविधिको अनुसुची ५ (४) अनुसार वडा समितिको बैठक

व्यावस्थापनमा विनियोजित बजेट रकमको बढीमा २० प्रतिशत रकम खर्च खर्न मिल्ने व्यवस्था रहेको छ । भौ न १७६ मिति २०८०।०३।२३ बाट रु.११२६०० खर्च लेखेकोमा के कति किसन घरधुरी सुचिकरण गरेको हो र कुन कुन वडामा वडा समितिको बैठक सञ्चालन गरेको हो सो सम्बन्धमा यकिन हुन नसकेकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्याथा असुल गर्नुपर्ने रकम रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१२,६०० |

३३ **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।उदाहरणको लागि कार्यालयले देहायबमोजिमको खरिद कार्यमा खरिद गर्दा कानुनको पालना भएको पाईएन ।

| भौ न र मिति | सामान | आपूर्तिकर्ता | रकम रु. |
|---|---|---|---|
| १२।०७९।०५।३१ | विभिन्न सामाग्रीहरु | इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्स | १९५०४५ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **औषधी तथा स्वास्थ्य सामाग्री वितरणको अवस्था -** कार्यालयलाई प्राप्त रकमबाट औषधी तथा स्वास्थ्य सामाग्री खरिद गर्दा बार्षिक अनुमान समेत तयार गरि सोही आधारमा खरिद तथा वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले औषधी तथा अन्य स्वास्थ्य सामाग्रीको प्राप्ति, वितरण र मौज्दातको अभिलेख स्पषट रुपमा अद्यावधिक गरेको देखिएन, खरिद गरेर PAMS मा Entry गरिएका औषधीहरुको म्याद समाप्त हुने मिति तथा स्पेशिफिकेशन खुलाई सफ्टवेयरमा आम्दानी तथा खर्च गरेको देखिएन । कार्यालयले औषधी तथा अन्य स्वास्थ्य सामाग्रीको प्राप्ति, वितरण र मौज्दातको अभिलेख स्पषट रुपमा अद्यावधिक गरि औषधीहरुको म्याद समाप्त हुने मिति तथा स्पेशिफिकेशन खुलाई सफ्टवेयरमा आम्दानी तथा खर्च स्पष्ट रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्विकृत सफ्टवेयर ELMIS मा अद्यावधिक गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३५ **प्रविधि हस्तान्नतरण -** गरिवी निवारणक लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को बुँदा नम्बर ४१(३) अनुसार उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयल् प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले भौ न १७४ मिति २०८०।०३।२२ बाट राधे मल्टी स्कील कन्सल्टयान्ट एण्ड कन्स्ट्रकसन प्रा लि लाई प्रविधि हस्तान्नतरणका सामाग्रीहरु खरिद गरेबापत शतप्रतिशत रकम रु.४८८४५० भुक्तानी गरेकोले २० प्रतिशतले हुने रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९७,६९० |

३६ **सहभागिता भत्ता -** सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को बुँदा नम्बर ७ (१) अनुसार मापदण्ड पुरा भएको अवस्थामा मात्र सहभागी भत्ता दिन मिल्ने व्यवस्था रहेको छ । कार्यालयलयले देहायबमोजिमका विभिन्न कार्यक्रमहरुमा निर्देशिकाले तोकेको दरभन्दा बढि दरमा भत्ता खर्च लेखेको पाईएकोले यकिन गरि असुल गर्नुपर्ने रकम रु.

(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२२ को निर्णयबाट रु.१९,९९० ।- सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५८,९५० |

**(विस्तृत विवरण बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३७ **अनुगमन भत्ता -** आयकर ऐन २०५८ को दफा ५८ मा अन्तिम रुपमा हुने भुक्तानीमा १५ प्रतिशतले करकट्टि गर्नुपर्ने व्यवस्था रहेको छ । भौ न ३६ मिति २०८०।०३।०७ मा अनुगमन भत्ता जनाई भुक्तानी लिएकोमा अग्रिम करकट्ट नगरेकोले असुल गर्नुपर्ने रु

| नाम | भत्ता रकम | १५ प्रतिशत कर रु |
|---|---|---|
| सन्तोष आचार्य | २११२० | ३१६८ |

(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।११।२२ को निर्णयबाट रु.१४,४७८ ।- सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१६८ |

३८ **शिक्षा -** पालिकाले वित्तिय हस्तान्नतरण अन्त्रगतका कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्दा स्विकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । शिक्षा तर्फको कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ को व्यवस्था अनुसार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको अवस्था निम्नाअनुसार देखिएको छ ।

- पालिका अन्त्ररगत रहेका सामुदायिक विधालयहरुका सबै त्रियाकलापहरुको कार्यपालिका बाट नियमित रुपमा अनुगमन गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड निर्धारण नगरेको साथै अनुगमन गरि प्रतिवेदन समेत तयार गरी सार्वजनिक गरेको पाईएन ।
- पालिकाभित्र रहेका सम्पूर्ण निजि विद्यालयहरुका निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र मापदण्ड बमोजिम अनुगमन गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको र अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड नबनाएको र मापदण्ड बमोजिम अनुगमन गरेको छैन अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा सो वमोजिम कुनैपनि त्रियाकलाप सञ्चालन गरेको पाईएन ।

सामुदायिक विद्यालयको अभिलेख अद्यावधिक र प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख अद्यावधिक भएको विवरण नरहेको, साथै अभिलेख बमोजिम निकासा अभिलेख खाता नरहेको र निकासा अभिलेख खाता र निकासा रकम भिडान भएको पाईएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

३९ **निशुल्क पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने व्यावस्था रहेको छ । यसरि अनुदान उपलब्ध गराउदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी पाठ्यपुस्तकको सङ्ख्या यकिन गरेर मात्र पहिलो पटकमा ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयहरुलाई रु.२८,८६,५३५ रकम निकाशा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन नगराएको, पहिलो पटक निकाशा गरेपश्चात २५ प्रतिशत दोस्रो निकाशा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा मात्र गर्नुपर्नेमा सोझै निकाशा गरेकोले वास्तविक निकाशा खर्च यकिन हुन सकिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

४० **ईन्टरनेट जडान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१० (५.५) अनुसार सुचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यावस्थापन गर्न सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेटको शुल्क भुक्तानी गर्ने प्रयोजनले प्रति विद्यालय रु १२ हजारका दरले अनुदान उपलब्ध गराउने व्यावस्था रहेको छ । पालिकाले विभिन्न ६ विद्यालयहरुमा इन्टरनेट जडान तथा सञ्चालनको रु.७२००० खर्च जनाएकोमा विद्यालयहरुमा ईन्टरनेट जडान भएको र शुल्क भुत्तानी भएको ३ विद्यालयको मात्र यकिन भएकोले बाँकी ३ विद्यालयमा ईन्टरनेट जडान भइ सञ्चालन भएको प्रमाण पेश नभएको रकम रु

| प्रमाण पेश नगरेको | ३६,००० |
|---|---|

४१ **दोहोरो भत्ता -** सामजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को बुदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यावस्था छ साथै सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाईरहेका व्याक्तिको अभिलेख अद्यावधिक गरि भत्ता नपाउने व्याक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरि भत्ता लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नु पर्ने व्यवस्था छ ।तपसिल बमोजिमको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई वितरण गरेको सामाजिक सुरक्षा भत्ताको भर्पाइ परीक्षण गर्दा लाभग्राहीहरुको नागरिकता नं. एकै रहेको देखिएकोले

ती लाभग्राही फरक हुन् वा एकै हुन् यकिन हुन नसकेकोले कार्यालयले यकिन गरी दोहोरो देखिएमा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५६,८४० |

**(विस्तृत विवरण बेरूजु दफा ४१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४२ **सामाजिक शुरक्षा -** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रममा यस वर्ष रु.५,०८,२२,२४८ ।- खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।

१. कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउँनु पर्दछ ।

२. कार्यविधिमा लाभग्राहीको नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुने लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुन मसान्त भित्र व्यवस्थापन सुचना प्रणालीमा अनिवार्य रुपमा प्रविष्टी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सो अनुसार नगरी लाभग्राहीको साबिककै विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । साथै कार्यालयले तोकिएको ढाँचामा फोटो सहित नागरिकता नम्बर उल्लेख गरी लाभग्राहीको अभिलेख राखेको पाइएन । यसले गर्दा वितरित रकम सहि हो भनी एकिन गर्न सकिएन ।

३. पालिकाले उपलब्ध गराएको विद्युतिय कपि फर्वाड फिड र रिभर्स फिड परिक्षण गर्दा बैंकलाई निकाशा गरेको रकमसंग फर्वाड फिड मेल नखाएको र बैंकद्वारा लाभग्राहीको खातामा रकम जम्मा गरेको रिभर्स फिड अनुसार पेश्की फस्यौट भएको रकम मेल नखाएकोले यसतर्फ यकिन हुन सकिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **ननफाइलर Non filer** – आयकर ऐन, २०५८ को दफा ९८ अनुसार आयकर दर्ता भएका प्रत्येक ब्यक्ति ब्यवसायीले आय वर्ष समाप्त भएको ३ महिना भित्रका सो वर्षको आय विवरण आन्तरिक राजश्व विभागले तोकेको स्थानमा दाखिला गर्नु पर्ने वयवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्यहरु गराउँदा विगत लामो समय देखि सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा आय विवरण दाखिला नगरि नन-फाइलर रहेको आपुर्तकहरुबाट निर्माण सामग्रीहरु खरिद गरेको देखियो । यसरी ब्यवसायिक कारोबार गर्ने तर आय विवरण दाखिला नगर्दा आयको चुहावट हुने भएकोले NonFiler भएका ब्यवसायीबाट कारोबार गर्ने

कार्य नियन्त्रण हुनु पर्दछ । साथै देहाय अनुसार कारोबार भएका NonFiler ब्यवसायीहरुलाई आयकर ऐन, २०५८ को दफा ११७ बमोजिम कारवाहीकालागी सम्बन्धित राजश्व कार्यालयमा लेखि पठाउनु पर्ने तथा कार्यालयवाट भुक्तानी भएको मुल्य अभिबृद्दिकर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२२,२४० |

**(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४४ **उपभोक्ता समिति**

४४.१ **एउटै योजनामा फरक दरवाट भुक्तानी** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिवाट कार्य गराउदा बाटो निर्माण कार्यमा बाटो खन्ने कार्यका लागी मेशिनको दरवाट भुक्तानी हुने र सोहीवाटोमा नालिको कार्य मानिसवाट खन्ने कार्यको देखाई मानिसको दरवाट भुक्तानी भएको छ । कार्यालयवाट एउटै कार्य नापजाँच गर्दा मेशिनले गर्ने कार्यको प्रत्येक २० मिटरका दरले नाँपजाँच गरेको छ भने मानिस वाट भएको खन्ने कार्यको नापजाँच एकमुष्ठ ५०० मिटरको नापि लिएको छ ।जसवाट एउटै कार्यका लागि मेशिन र मानिसको दरवाट भुक्तानी गरी निम्नाअनुसार व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ४,०२,७९६ |

**(विस्तृत विवरण बेरूजु दफा ४४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४४.२ **कडा चट्टान काट्ने दर** – नेपाल सरकार सडक विभागद्वारा स्वीकृत सडक तथा पुल निर्माण कार्य सम्बन्धी नर्म्स २०७५ को ९०० सेरिज ९.१ (IV A) अनुसार कडा चट्टान काट्ने कार्यको दर विश्लेबण गर्दा ज्यामि उपकरण खर्च समावेश गरी तयार भएको दरमा सोही कार्यमा ढुङ्गा प्रयोग हुने भएमा ५० प्रतिशत अथार्त ८ घ मिटर ढुङ्गा वापतको रकम दररेट बाट घटाई प्राप्त दरवाट कडा चट्टानको दर कायम गर्नु पर्ने र सोहि बमोजिम लागत अनुमान सम्झौता भुक्तानी गर्नु पर्दछ । तर कार्यालयले तयार गरेको दर विश्लेषणमा ढुङ्गाको परीमाण नधटाई तयार गरेको लागत अनुमानका आधारमा चट्टान कटान वापत प्रति घ मी रु.१५९१ दरवाट भुक्तानी गरेकोले बढी व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ५,८९,८५९ |

**(विस्तृत विवरण बेरूजु दफा ४४.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४४.३ **बढी भुक्तानी** – सार्वजनिक निकायले निर्माण कार्य गराउदा नेपाल सरकार द्वारा स्वीकृत निर्माण सम्बन्धी नर्म्सका आधारमा दरविश्लेण गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिमको लागत अनुमान तयार गरी नियमावलिमा भएकोको व्यवस्थाको अधिनमा रही निर्माण कार्य गराउनु पर्दछ । यसैगरी नियम ९७ बमोजिम उपभोक्ता समिती मार्फत कार्य गराउदा दर विश्लेशण पस्चात तयार भएको लागत अनुमान बमोजिम सम्झौता र भुक्तानी गर्नु पर्दछ ।पालिकावाट उपभोक्ता समितिवाट

भएका देहायका निर्माण कार्यहरु निम्नानुसार नर्म्स फरक पारि तथा स्पेशिफिकेशन भन्दा फरक कार्य भएको अवस्थामा समेत भुक्तानी भएकोले अन्य कार्यमा पालिकावाट यकिन गरी देहायबमोजिम बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१९,८३१ |

**(विस्तृत विवरण बेरूजु दफा ४४.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४५ **प्रशासकिय भवन**

४५.१ **पालिका प्रशासिकय भवन** – बराहपोखरी गाउँपालिका केन्द्र भवन निर्माण कार्यको लागि रु.७,७४,६५,७६५ को लागत अनुमानका आधारमा २०८०।१।७ कार्यसम्पन्न गर्ने गरि निर्माण व्यवसायि कौशिल बस्नेत निर्माण सेवा सँग २०७७८।७।।७ मा रु. ५,६९,७०,३९२ को सम्झौता भई मिति २०८०।३।२२ मा तेश्रो विल बिल सम्म रु.१,५५,९२,४३३ भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्नाअनुसार रहेका छन् ।

(क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार सम्झौता वमोजिमको काम सम्झौताको अवधि भित्र सम्पन्न गर्न नसकिने भएमा प्रयाप्त कारण सहित ५० प्रतिशत सम्म अवधि थप गर्न सकिने व्यवस्था अनुरुप स्पस्ट कारण बिश्लेषण नगरी २०८०।१।४ मा गाउँकार्य पालिकावाट ८०।१०।५ सम्म अवधि थप गरेको छ । अवधि थपका लागि निर्माण व्यवसायिवाट बर्षा,मुल्य बृद्दि सामाग्री अभाव र निर्वाचन लगायतका कारण उल्लेख भएकोमा उपरोक्त कारणहरुको विश्लेषण गरी एकमुष्ठ अवधि थप गरेकोले पालिका र निर्माण व्यवसायि पक्षवाट खरिद सम्बन्धि कानुनको पालना गरेको देखिएन ।

(ख) निर्माण कार्यको विशेष सम्झौता शर्त न ५७.३ मा पेश्कि वापतको रकम ३० प्रतिशत कार्य प्रगति पश्चात तोकिएको दरमा कट्टा हुने र ८० प्रतिशत अवधि भित्र कट्टा भई सक्नु पर्ने व्यवस्था रहेकोमा अवधि थप पश्चातको म्याद २०८०।१०।५ को ८० प्रतिशत अवधि मिति ८०।४।१८ मा समाप्त भएकोमा निज निर्माण व्यवासायीले लगेको पेश्की रु ९५ लाख मध्ये रु.१९ लाख मात्र फस्यौंट भई रु ७६ लाख पेश्की बाँकी रहेको छ ।निर्माण व्यवसायीले पेश्की लगि लामो समय सम्म कार्य नगर्ने तथा सम्झौताको शर्त अनुसार पेश्की कट्टा नगरेको कारण व्यवसायीलाई अतिरिक्त लाभ पुग्ने देखिन्छ । अत सम्झौता अनुसार पेस्की कट्टा गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५.२ निर्माण कार्यको सम्झौताको बिशेष शर्त न १९.१ अनुसार निर्माण कार्य सम्झौता अवधि देखि त्रुटि सच्चयाउने अवधि सम्म विमा गर्नु पर्नेमा जनरल ईन्सोरेन्सको २०८०।७।११ सम्म मान्य अवधि रहेको GIC/BNS २१।२२।।०००३ विमा पोलिसिका आधारमा विमा वापत रु.१००,००० भुक्तानी भएकोले निर्माण कार्यपश्चात त्रुटि सच्चयाउने अवधिसम्मको विमालेख पेश हुनु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

४५.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम (३) अनुसार निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिँदा निजबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र सम्झौता बमोजिम काम नगरेमा कार्यालयको अनुरोध पछि तत्काल भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने र उपनियम (४) मा त्यस्तो बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था छ ।पालिकावाट प्रशासकिय भवन निर्माण कार्यका लागी २ वटा जमानतका आधारमा रु.९५००००० पेश्की उपलब्ध गराई रु.१९००००० फर्स्यौट पश्चात रु.७६००००० पेश्की बाँकी रहेको छ ।प्राईम बैंकवाट मान्य अवधि २०८०।७।६ भएको रु.५० लाखको ००६÷२१÷०८८AG २८।अक्टोवर।२०२१ मा जारी जमानत र २०८०।५।११ मान्य अवधि भएको रु.४५००००० को ००६÷२२÷०१७AG मिति २।मार्च ।२०२२ को जमानतको आधारमा पेश्की उपलब्ध गराएकोमा बैक जमानत ००६÷२२÷०१७AG को अवधि समाप्त भएकोले निर्माण व्यवसायी सँग बाँकी रहेको पेश्की रु.२६००००० जोखिममा परेको देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,००,००० |

४५.४ निर्माण कार्यको सम्झौताको बिशेष शर्त न ३४.३ अनुसार निर्माण व्यवसायीवाट कार्यतालिका पेश गर्नु पर्ने ,कार्यतालिका अनुसार प्रगति नभएमा कार्यालयले शंसोधित कार्यतालिका पेश गर्न लगाउने तथा यस्तो कार्यतालिका तथा शंसोधित कार्यतालिका पेश नगरेमा वा ढिलो पेश गरेमा रनिङ्ग विलको भुक्तानी गर्दा रु.५०००० रोक्का राख्ने व्यवस्था रहेको छ । तर निर्माण व्यवसायीले सम्झौता तथा अवधि थप गर्दा कार्यतालिका वेगर थप गरेको तथा कार्यालयले २०७९।७।२३ समेत ४ पटक कार्यतालिका पेश गर्न पत्राचार गरेकोमा निर्माण व्यवसायीवाट कार्यतालिका पेश गरेको छैन ।पटक पटक पत्राचार गर्दा समेत कार्यतालिका पेश नगर्ने निर्माण व्यवसायीलाई ८०।३।२२ सम्म तेश्रो विल सम्म रु.१५५९२४३३ भुक्तानी गर्दा सम्झौताको शर्त अनुसारको रकम रु.५०००० रोक्का नाराखी भुक्तानी भएकोले निर्माण व्यवसायीवाट असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

४५.५ सम्झौताको वील अफ क्वान्टीटीमा पि.एस. आईटममा उल्लेखित साईट ईन्जिनीयरको निर्देशनमा अतिरिक्त परीक्षण वापत रु.२५००० भुक्तानी भएकोमा व्यवसायीले पेश गर्नु पर्ने नियमित गुणस्तर परीक्षणवापत नै भुक्तानी दिएको तथा साईट प्राविधिकवाट अतिरिक्त परीक्षण आदेश समेत दिएको नपाईएकोले नियमिति परिक्षणका लागी पि.एस. वाट भुक्तानी भएको असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,००० |

४६ **सोझै खरिद —** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको

माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष सोलार खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु.३०८९१३१ को सोझै खरिद गरेको अनियमित खर्च लेखेको रु

| | |
|---|---|
| अनियमित भएको | ३०,८९,१३१ |

**(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४७ **कडा चट्टान काट्ने दर** – नेपालसरकार सडक विभाग- द्वारा स्विकृत सडक तथा पुल निर्माण कार्य सम्बन्धी नर्म्स २०७५ को ९०० सेरिज ९.१ (IV A) अनुसार कडा चट्टान काट्ने कार्यको दर विश्लेबण गर्दा ज्यामि उपकरण खर्च समावेश गरी तयार भएको दरमा सोही कार्यमा ढुङ्गा प्रयोग हुने भएमा ५० प्रतिशत अथार्त ८ घ मिटर ढुङ्गा वापतको रकम दररेट बाट घटाई प्राप्त दरवाट कडा चट्टानको दर कायम गर्नु पर्ने र सोहि बमोजिम लागत अनुमान सम्झौता भुक्तानी गर्नु पर्दछ । तर कार्यालयले बाघखोर कुनाखोला सडक मर्मत उपभोक्ता समिति सग कार्य गराउदा पालिकाले तयार गरेको दर विश्लेषणमा ढुङ्गाको परीमाण नघटाई तयार गरेको लागत अनुमानका आधारमा चट्टान कटान वापत ३२६.५२ ध.मीको प्रति घ मी रु १५९१ दरवाट भुक्तानी गरेको तथा सोही योजनामा ग्याविनमा जाली भर्ने कार्य ५० घ.मि.र ७.२ ध.मी ढुङ्गाको गार्हो लगाउने कार्यवापत समेत ढुङ्गाको परीमाण नघटाई तयार भएको दरविश्लेषणका आधारमा भुक्तानी भएकोले गार्होमा प्रयोग भएको ढूङ्गा ७.९२ तथा ग्याविनमा प्रयोग भएको ढुङ्गा ५५ घ.मि. समेत ६२.९२ घ.मि ढुङ्गा सोही कार्यमा कडा चट्टान काट्ने कार्य वापतको परीमाण ३२६.५२ वाट भएको देखिन्छ । अत दरविश्लेषणमा ढुङ्गाको परीमाण नघटाई सोही कार्यमा उत्खन्न भएको ढूङ्गा प्रयोग गरी भएको कार्यका लागी भुक्तानी भएको ६२.९२ घ.मी. ढुङ्गाको जिल्ला दररेट अनुसार प्रति घ मी २४७२ का दरले असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५५,४८० |

४८ **उपभोक्ता समितिको कार्य**

४८.१ **जटिलसंरचना निर्माण**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, **आर सि सि** टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४८.२ **हेभी इक्विपमेण्टको प्रयोग** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर,

रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ४८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४९ **उपभोक्ता समितिलाइ एउटै कामको मेशिन र मानिसको दररेटले भुक्तानि** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गराउँदा स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार हुने रकममा मुल्य अभिवृद्धि कर लाग्ने सामानको मुल्य अभिवृद्धि कर समेत हुने दरमा सम्झौता गरी भुक्तानी गर्नुपर्ने ब्यवस्था अनुरुप गाउँपालिकाले यस आर्थिक वर्ष २०७९।८० को लागि निर्माण काम गराउनको लागि बिभिन्न आइटमको दर बिश्लेषण तयार गरि स्विकृत गरेको छ । देहायका उपभोक्ता समितिहरुबाट सडक निर्माण गराउदा नरम र बोल्डर मिक्स माटो खन्ने काममा मेशिनको दररेट रु.७९.७६ र सोहि काममा मानिसको दररेट क्रमश रु.५११.१९ र रु.५८४.२२ समाबेश काम गराएको कारण क्रमश रु.४३१.४३ र रु.५०४.४६ को दरले निम्नानुसार बढि भुक्तानि भइ रु.२४१८३३।०० बढि व्ययभार पारेको रु.

| शिर्षकको नाम | उपभोक्ता समितिको नाम | गो भौ नं र मिति | रकम | नरम माटोको भुक्तानि परिमाण | बोल्डर मिक्स माटो | बढि व्ययभार परेको |
|---|---|---|---|---|---|---|
| गा पा पूँजिगत | डासिंटार भोर्मा सडक | २१७।२०८०।३।२२ | २६२००० | १५ घ.मि. | १५ घ.मि. | १४०३८ |
| गा पा पूँजिगत | त्रिचिप्पा बुयाटार सडक | १९०।२०८०।२।३२ | ४७३००० | २४.५० घ.मि. | २४.५० घ.मि. | २२९२९ |
| गा पा पूँजिगत | पसलेडाँडा आम्बाटे सडक | १९५।२०८०।३।६ | ८५२००० | ६६.४० घ.मि. | ६६.४० घ.मि. | ६२१४३ |
| गा पा पूँजिगत | डुम्रिबोटे मैनाडाँडा सडक | २१६।२०८०।३।२२ | १४२८००० | १५२.५० घ.मि. | १५२.५० घ.मि. | १४२७२३ |
| **जम्मा** | | | | | | २४१८३३ |

| | |
|---|---|
| अनियमित भएको | २,४१,८३३ |

५० **हेभि ईक्यूवमेन्ट प्रयोग सम्बन्धमा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन सकिने छैन । कुनै कारणबश सो समितिले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको जानकारी सार्वजनिक निकायलाइ जानकारी दिनुपर्ने र सार्वजनिक निकायले उपभोक्ता समितिसँग भएको सम्झौता तोडि बाँकि काम ऐन तथा नियमावली अनुसार गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिबाट काम गराउने गरि सम्झौता गरेकोमा उपभोक्ता समितिहरुले आफैं काम नगरि नियम बिपरित निर्माण व्यवसायीहरुबाट काम गराएको पाइएको हुनाले यस प्रकारको काममा नियन्त्रण हुनुपर्दछ । यस सम्बन्धि केहि उदाहरणहरु निम्नानुसार रहेका छन ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ५० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१ **पालिकामा बिद्युतिकरण**

५१.१ **जटिलसंरचना निर्माण —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन र ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । उपभोक्ता समितिहरुबाट गराएको निर्माण कामको सक्कल बिल बिजक पालिकामा पेश गरे पश्चात भुक्तानि दिनुपर्नेमा नक्कल बिल बिजकको आधारमा भुक्तानि दिएको नियमसम्मत देखिएन । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यस सम्बन्धि केहि उदाहरणहरु देयाह बमोजिम रहेका छन ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ५१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१.२ गाउँपालिकाको वडा नं १ देखि ६ सम्म सबै वडाहरुमा बिद्युतिकरणको काम गर्न पोल लगायतका सामाग्रिहरु प्रतिस्पर्धाको माध्यमबाट ठेक्का नं १।०७९।८० का निर्माण व्यवसायी यु.के.एस.ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन महोत्तरीबाट मिति २०८०।१।२८ मा सप्लाइ गरि गो भौ नं १५९।२०८०।२।७ बाट रु.९११९४८८।०० भुक्तानि दिएको र पालिकाको बिद्युत टेक्निसियनको प्राबिधिक सहयोगमा वडाहरुमा पोल गाड्ने,तार तान्ने तथा ढुवानिको काम उपभोक्ता समितिहरुबाट गराइ छ वटा उपभोक्ता समितिहरुलाइ रु.१२०००००।०० भुक्तानि भइ यस वर्ष पालिकाले बिद्युतिकरणमा कुल रु.१०३१९४८८।०० खर्च भएको पाइयो । नेपाल बिद्युत प्राधिकरण दिक्तेल बितरण केन्द्रको च नं ५६१ मिति २०८०।२।४ को पत्रानुसार बिद्युत विस्तार गर्ने कामको लागि सामाग्रि बिद्युत कार्यालयबाट उपलब्ध गराइ बिद्युत बिस्तारको काम गर्न अजिमा।मरिन।चन्द्र कुमारी जे.भि.सँग सम्झौता गरेकोमा निर्माण काम ढिलो गरेको कारण ठेक्का तोड्न प्रक्रिया अगाडि बढेको भनि पत्राचार गरेको र बिद्युत प्राधिकरणले काम गर्न ठेक्का व्यवस्थापन गरेको तथा पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा फरक बिद्युतिकरणको काम गरि खर्च गर्नु नियमसम्मत नहुनुको

साथै काममा दोहोरोपना हुन सक्ने हुनाले पालिकाले उचित ध्यान दिनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१.३ **लागत अनुमानको दररेट सम्बन्धमा** – गाउँकार्यपालिकाको बैठक नं ५ मिति २०७९।७।३ गतेको बैठक अनुसार आर्थिक वर्ष २०७९।८० को योजना संचालन गर्न ज्याला, निर्माण सामाग्रि लगायतको दररेट खोटाङ्ग जिल्लाको दररेटले तोके बमोजिम हुने खोटाङ्ग जिल्लाको दररेटमा नभएको आइटमहरुको दररेट उदयपुर जिल्लाको दररेट अनुसार लागत अनुमान तयार गर्ने उल्लेख भएकोमा वडाहरुमा बिद्युतिकरणको काम गर्न पोल लगायतका सामाग्रिहरु खरिद गर्न ठेक्का नं १।०७९।८० को रु.९९९९४६३।०० को लागत अनुमान तयार गरेको पाइयो । उक्त लागत अनुमानमा ए सि एस आर कन्डक्टर ०.०३ इन्चको उदयपुरको जिल्ला दररेट अनुसार प्रति कि मि रु.३४०००।०० रहेकोमा पालिकाले रु.४६८००।०० को दरले लागत अनुमान तयार गरि रु.१२८००।०० को दरले १९.५ कि.मि.को मू अ कर समेत रु.२८२०४८।०० बढि व्ययभार परेको रु.

| अनियमित भएको | २,८२,०४८ |
|---|---|

५१.४ **उपभोक्ता समितिहरुबाट वडाहरुमा बिद्युत बिस्तार सम्बन्धमा** – आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको वडाहरुमा पोल गाड्ने,तार तान्ने तथा ढुवानिको काम उपभोक्ता समितिहरुबाट गराइ छ वटा उपभोक्ता समितिहरुलाइ रु.१२०००००।०० भुक्तानि भएकोमा देहाय अनुसारका वडाका उपभोक्ता समितिहरुले पेश गरेको डोर हाजिर फाराममा काम गर्ने कामदारहरुको हाजिरि बिबरण तथा रकम खुलाएकोमा ति कामदारहरुले रकम बुझिलिएको दस्तखत तथा छाप गरेको नपाइएको हुदाँ बिद्युत बिस्तारमा डोर हाजिरमा उल्लेख भएका मानिसहरुले काम गरेका थिए भन्न सकिने आधार नहुनुको साथै नियमसम्मत देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ५१.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१.५ **बिद्युत प्राधिकरणबाट प्राप्त सामाग्रिहरुको सम्बन्धमा** – आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ९५ को उपनियम १ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्त्रण भई वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको बिबरण र मूल्य समेत खुलाई जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँकी लगत अध्याबधिक गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । नेपाल बिद्युत प्राधिकरण दिक्तेल बितरण केन्द्रको च नं ५६१ मिति २०८०।२।४ को पत्रानुसार पालिकाको वडाहरुमा बिद्युतिकरण गर्न सामाग्रिहरु पठाएको देखिएकोमा पालिकाले उपभोक्ता

समितिबाट वडाहरुमा बिद्युतको काम गराएकोमा वडाहरुमा प्रयोग भएका समाग्रिहरु ठेक्काबाट सप्लाइ भएको तथा बिद्युत कार्यालयबाट पठाएको सामाग्रिहरु मध्ये कति प्रयोग भइ कति बाँकि रहेका छन भन्ने स्पष्ट रुपमा परिमाण देखिने गरि अभिलेख राखेको पाइएन । पालिकाले प्रतिस्पर्धाबाट सप्लाइ भएका तथा बिद्युत कार्यालयबाट प्राप्त सामानहरुको दुरुस्त खुल्ने गरि अभिलेख राखि ति सामाग्रिहरुको समुचित रुपमा सदुपयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१.६ **पूर्व निर्धारित क्षतिपूर्ति** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा सम्झौता रकमको ०.०५ प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था रहेको छ । वडाहरुमा बिद्युतिकरणको काम गर्न पोल लगायतका सामाग्रिहरु ई बिडिङ्गको माध्यमबाट ठेक्का नं १।०७९।८० का निर्माण व्यवसायी यु.के.एस.ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन महोत्तरीसँग सम्झौता मितिले ३० देखि ४५ दिनभित्र अर्थात मिति २०७९।११।१९ सम्म सप्लाइ गर्नुपर्ने गरि रु.९४८८३३८।०० मा मिति २०७९।१०।४ मा सम्झौता भइ सप्लायर्सले सम्झौतामा तोकिए भन्दा १० मीटरको पोल १२ थान सप्लाइ गर्न नसक्ने जनाइ सो साइजको पोल कम सप्लाइ गरि गो भौ नं १५९।२०८०।२।७ बाट रु ९११९४८८।०० भुक्तानि दिएको पाइयो । यसरि सप्लार्सले सम्झौता अनुसारको सम्पूर्ण सामान सप्लाइ नगरेको तथा सम्झौताको बिडिङ्ग डकुमेन्टको डेलिभरी एण्ड कम्पिलेशन सेडुयल अनुसार सामान सम्झौता मितिले ३० देखि ४५ दिनभित्र अर्थात मिति २०७९।११।१९ सम्म सप्लाइ गर्नुपर्ने व्यवस्था रहेको अवस्थामा पालिकाबाट मिति २०७९।१०।६ गते दिइएको कार्यदिशमा सप्लाइ गर्ने अवधि बिडिङ्ग डकुमेन्टमा भन्दा ३ महिना ११ दिन ढिलो सप्लाइ गर्ने गरि दिएको कारण स्पष्ट नभएको हुदाँ सम्झौता बिपरित कार्यदिश दिएको त्रुटिपूर्ण देखियो । यसरि सप्लायर्सले बिडिङ्ग डकुमेन्टमा व्यवस्था भएको प्राबधानको पूर्ण पालना गरि सोहि अनुसार सामान सप्लाइ गर्नुपर्नेमा ६६ दिन ढिलो गरि मिति २०८०।१।२४ गते सप्लाइ गरेको तथा सम्झौता अनुसार पूरै सामान सप्लाइ नगरेको कारण सम्झौता रकम रु.९४८८३३८।०० को ०.०५ प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति रु.३१३११५।०० असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१३,११५ |

## ५२ खरिद व्यवस्था

५२.१ **कोटेशनकार्यको लागत अनुमान** – सार्वजनिक खरिद नियमावली २०६४को नियम १०(७) र अनुसुची १ बमोजिम लागत अनुमान तयार गर्दा कार्य परिमाण दर मुल्य अभिवृद्धिकर तथा कन्टयाक्टर ओभरहेड समावेश भएको लागत अनुमानका आधारमा नियमावली ८५(१क) बमोजिम रु १० लाख सम्मको निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकावाट कोटेशनका माध्यमवाट निर्माण कार्यभएको कात्तिके धावाखोला निर्माण कार्यको लागत अनुमान तयार गर्दा कन्टयाक्टर ओभरहेड समावेश नगरी रु.९९९२८२ को लागत अनुमानका आधारमा सुन्तले कन्ट्रक्सन सँग सम्झौता गरी रु.९४९००० भुक्तानी भएको छ ।कन्टयाक्टर ओभरहेड सहित गणना गर्दा उक्त निर्माण कार्यको लागत अनुमान कन्टिजेन्सी

सहित रु.१३१६६२९ हुनेमा कोटेशन मार्फत कार्य गराउने उदेश्यले मात्र नियमावलीको व्यवस्था विपरीत लागत अनुमान तयार गरी कोटेशन मार्फत कार्य गराई भुक्तानी भएको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,४९,००० |

५२.२ **टुक्रा पारी निर्माण कार्य** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो रु.२५३९७९७ लागत अनुमान भएका ४ निर्माण कार्य गराउदा रु.२३९३१०४ को सम्झौता गरी प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु.२३१८२३१को सोझै निर्माण कार्य गरीअनियमित खर्च लेखेको छ ।यस्तो कार्यमा सुधार हुनु पर्दछ ।

| क्र.सं. | गो भौ न र मिति | योजना | निर्माण व्यवसायी | लागत अनुमान रु | सम्झौता रु | भुक्तानी रु |
|---|---|---|---|---|---|---|
| १ | २९।७९।०७।२३ | थाप्लाङ खोला पुल | वराहपोखरी कन्स्ट्रक्शन | ५९७३३० | ५७५४०८ | ५६७९३७ |
| २ | ३६।७९।८।१५ | सडक मर्मत-वडा नं. २ | सिद्धी सिद्धी कन्स्ट्रक्शन | ४९९३०४ | ४७८४३९ | ४२७९६४ |
| ३ | ३५।७९।०८।११ | सडक मर्मत-वडा नं. ४ | सायरा एण्ड जेनिश कन्स्ट्रक्शन | ४८३६८१ | ३८०२४२ | ३७३३३० |
| ४ | १३८।८०।१।२५ | कात्तिके धावा खोला | सुन्तले कन्सट्रक्शन | ९५९४८२ | ९५९०१५ | ९४९००० |
| **जम्मा** | | | | | | **२३१८२३१** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३ **परामर्स तथा डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । पालिकाले स्वास्थ्य चौकि भवनहरुको डि पि आर तयार गर्न लागत अनुमान पेश नगरेको कारण डि पि आर गर्न लागेको बिज्ञ सहितको श्रमको दररेट तथा परिमाणको सम्बन्धमा यकिन गर्न सकिएन ।

| कार्य विवरण | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|
| मौवावोटे स्वास्थ्य चौकि भवन | शुभारम्भ कन्सल्टेण्ट प्रा लि काठमाडौं | ४९४५०० | ३३६३६७१७ |
| सुन्तले स्वास्थ्य चौकि भवन | शुभारम्भ कन्सल्टेण्ट प्रा लि काठमाडौं | ४९४५०० | ३२८९१३९७ |
| सउनेचौर स्वास्थ्य चौकि भवन | शुभारम्भ कन्सल्टेण्ट प्रा लि काठमाडौं | ४९४५०० | ३३९९२३१२ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

५४ **तिलंगे खानेपानी आयोजना** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । संघिय सरकारको बजेटबाट निगाले तिलंगे खानेपानी आयोजना वडा नं १ आयोजना संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना दिक्तेलबाट डि पि आर गरेको र सोहि आयोजना कार्यालयबाट निर्माण काम हुने हुदाँ उक्त कार्यालयसँग समन्वय नगरि पालिकाले सो योजनामा यस वर्ष उपभोक्ता समितिबाट पाइप खरिद गरि रु.७२००००।०० लगानि गरेकोले काममा दोहोरोपना हुन सक्ने हुनाले पालिकाले यकिन गरि पुष्ट्याइ सहितको प्रमाण पेश गर्नुपर्ने र दोहोरो भएको भए असुल गर्नुपर्दछ । पालिकाले शुरुमा खन्नेपुर्ने सहितको एच डि पि पाइपको लागत अनुमान तयार गरेको अवस्थामा पुन खन्ने पुर्ने काममा लाग्ने लागत रकम बढि दररेटको हेभी जि आइ पाइप तथा फिटिङ्गस खरिद गरि शुरु लागत अनुमान अनुसार नै हुने गरि लागत अनुमान संशोधन गर्नु नियमसम्मत देखिएन । यसरि मिडियम जि आइ पाइपको तुलनामा देहाय अनुसार हेभी जि आइ पाइप तथा फिटिङ्गसमा बढि महंगो पर्न गएकोले उपभोक्ता समितिसँग योगदान १०.६५ प्रतिशत कट्टा गरि रु.१११६७६।०० असुल गर्नुपर्दछ । साथै उपभोक्ता समितिलाइ पाइप खरिदको गो भौ नं ४१।२०८०।३।२२ बाट रु.७२००००।०० भुक्तानि दिन मिल्ने नदेखिएको रु.

| आइटमको नाम | परिमाण | भुक्तानि दर | भुक्तानि रकम | मिडियमको दर | बढि भुक्तानि रकम मु अ कर समेत |
|---|---|---|---|---|---|
| हेभि जि आइ पाइप ८० एम एम ३ इन्च | ३६० र.मि. | २०६९.०३ | ७४४८५० | १७५९.४१ | १११४५२ |
| जि आइ सकेट | ६० पिस | ९६२.३६ | ५७७६५ | ७३६.७६ | १३५६० |
| **जम्मा** | | | | | **१२५९८८** |

| अनियमित भएको | ७,२०,००० |
|---|---|

५५ **धरौटी फिर्ता** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा रिटेन्सन मनी फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयवाट जारी मुल्य अभिवृद्दिकर समायोजन र करचुक्ता प्रमाण आधारमा फिर्ता गर्नु

पर्नेमा कार्यालयले २।७९।४।११ मा यङ्जोम निर्माण सेवाको रिटेन्सन मनि रु.१६५२६० फिर्ता गर्दा मुल्य अभिवृद्दिकर समायोजन पत्र संलग्न नगरी फिर्ता गरेकोले समायोजन प्रमाण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६५,२६० |

५६ **धाप्लाङ्ग देखि बराहापोखरीसम्मको सडक सम्बन्धमा** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० को उपनियम ४ मा खरिद सम्झौता गर्दा कार्य सम्पादन जमानतको मान्य अवधि सम्झौतामा उल्लेख भएको काम सम्पन्न गर्नुपर्ने समय र निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अधबि भन्दा कम्तीमा एक महिना बढि अवधिको हुनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको धाप्लाङ्ग देखि बराहापोखरीसम्मको सडक अन्तर्गत सडकको नालि,रिटेनिङ्ग वाल,ग्याबिन जालि र ग्राभेलको काम गर्न यस वर्ष प्रदेश समपुरकको सायरा एण्ड जेनिस कन्स्ट्रकसन उदयपुरबाट गराइ रु.११७४०५५६।०० र संघिय समपुरकको बजेटबाट सुन्तले कन्स्ट्रकसन एण्ड सप्लायर्स काठमाडौंबाट रु.८६२२७९९।०० भुक्तानि दिएकोमा लेखापरीक्षण अवधि मिति २०८०।६।१९ गते स्थलगत निरिक्षण गर्दा सडक निर्माण भइ अन्तिम बिल भुक्तानि मिति २०८० बैशाख र आषाढ महिनामा भएको आधारमा निर्माण काम सम्पन्न भएको ६ महिनाको अवधिमा सडकको अवस्था सन्तोषजक देखिएन । स्तरोन्नति गरिएको सडक मध्ये केहि स्थानमा पहिरोले क्षति पुराएको भएता पनि पहिरोले क्षति नपुराएको स्थानमा समेत सडक बिग्रेको अवस्थामा पाइएको तथा निर्माण व्यवसायीले सम्झौता अनुसार एज बिल्ट ड्रइङ्ग पेश नगरेको हुदाँ निर्माण कामको त्रुटि सच्याउने अवधि समाप्त भइ नसकेकोले पालिकाले बिग्रेको स्थानमा निर्माण व्यवसायिबाट पुन सच्याउन लगाउनुपर्ने देखिन्छ ।

पालिकाले देहायका निर्माण व्यवसायीहरुबाट काम गराएकोमा ठेक्का नं २।०७९।८० को काम सम्पन्न गर्ने शुरु म्याद मिति २०८०।२।३२ सम्म रहेकोले कार्यसम्पादन जमानतको मान्य अबधि मिति २०८१।३।३० सम्मको पेश गर्नुपर्नेमा मिति २०८०।१२।२३ सम्म अर्थात ३ महिना नपुग मान्य अबधि भएको कार्यसम्पादन जमानतको आधारमा सम्झौता गरि काम गराएको नियमसम्त देखिएन । ठेक्का नं १।०७९।८० को काम सम्पन्न गर्ने म्याद थप गरेकोमा कार्यसम्पादन जमानतको म्याद थप लेखापरीक्षण अवधिमा कार्यसम्पादन जमानतको मान्य अवधि मिति २०८१।४।१५ सम्म थप गरेको छ । यसरि निर्माण व्यवसायीले गरेको कामको अवस्था समेत सन्तोषजनक नभएको तथा उक्त सडकमा केहि स्थानमा पहिरोले क्षति पुराएको समेत देखिएकोले उक्त सडकमा सुधार गर्न पर्ने प्राबिधिकबाट यकिन गर्न लगाइ त्रुटि भएको कामा निर्माण व्यवसायीबाट गराउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ५६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५७ **वीमा प्रिमियम बिजक पेश नभएको** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी निर्माण काम शुरु भए देखि त्रुटि सच्याउने अवधि भन्दा थप एक महिना अवधिको वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । ठेक्का नं १।०७९।८०

को निर्माण व्यवसायी सायरा एण्ड कन्स्ट्रकसन उदयपुरले नियममा व्यवस्था भए बमोजिमको निर्माण काम र तेश्रो पक्ष बिमा नगरेको र कामदारको सामुहिक दुर्घटना बिमा गरि रु.१००२०।०० को बिजक पेश गरेकोमा पालिकाले प्रथम रनिङ्ग बिल वापत गो भौ नं ४,१२० र १३४।२०८०।१।१५ बाट रु.१०६९१७८७।०० भुक्तानि दिदा बिमा वापत रु.८३२४८।०० भुक्तानि दिएकोले बढि भुक्तानि रु.७३२२८।०० असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,२२८ |

५८ **ठेक्का व्यवस्था** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३९ देखि ४१.५८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस वर्ष पालिकाले सडकको निर्माण प्रतिस्पर्धाबाट गराएको काममा लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका योजनाको विवरण देहायमा उल्लेख छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५९ **प्राविधिक बिल र कार्य सम्पन्न** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समिति तथा निर्माण व्यवसायहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा हाल भएको परिमा र रकम,अघिल्लो रनिङ्ग बिलमा भएको परिमाण र रकम तथा हालसम्म भएको कामको परिमाण र रकम समेत खुलाउनुपर्नेमा केहि योजनाहरुको नापि किताब तथा प्राबिधिक मूल्यांकनमा हालको मात्र उल्लेख गरेको कारण ईन्जिनियरिङ्ग नमर्स अनुसार तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने

र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ६० साना सिंचाइ

६०.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राहि समूहले पालिकाबाट पाएको काम आफैंले सम्पन्न गर्नु पर्नेछ । कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन सकिने छैन । कुनै कारणबश सो समितिले आफैंले सम्झौतामा तोकिएको समयमा सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायमा दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आबाश्यक जाँच गराइ उपभोक्ता समितिसँग भएको सम्झौता तोडि बाँकि काम नियमानुसार गराउनुपर्ने व्यवस्था गरेकोले उपभोक्ता समितिलाइ म्याद थप गरि भुक्तानि गर्न नमिल्ने देखिन्छ । पालिकाबाट प्राप्त बिबरण अनुसार यस वर्ष संचालन भएका साना सिंचाइका योजनाहरु आषाढ मसान्तसम्म सम्पन्न गर्ने गरि उपभोक्ता समितिसँग सम्झौता गरेकोमा तोकिएको मितिसम्म सम्पन्न नगरि देहायका निर्माण काम अधुरो रहेको पाइएको हुनाले नियममा व्यवस्था भए अनुसार पालिकाले निर्माण काम समयमै सम्पन्न गराउने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ६०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६०.२ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गराउँदा स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार हुने रकममा मुल्य अभिवृद्धि कर लाग्ने सामानको मुल्य अभिवृद्धि कर समेत हुने दरमा सम्झौता गरी भुक्तानी गर्नुपर्ने ब्यवस्था अनुरुप गाउँपालिकाले यस आर्थिक वर्ष २०७९।८० को लागि निर्माण काम गराउनको लागि बिभिन्न आइटमको दर बिश्लेषण तयार गरि स्विकृत गरेको छ । पालिकाबाट यस वर्ष संचालन भएका साना सिंचाइका योजनाहरु उपभोक्ता समितिबाट गराएकोमा देहायका निर्माण कामहरु पालिकाको स्वीकृत गरेको दररेटको आधारमा नगरि एस आई पी को परामर्शदाताले तयार गरेको दररेटको आधारमा उपभोक्ता समितिहरुसँग सम्झौता गरि भुक्तानि दिएको छ । पालिकाले अन्य श्रोतबाट संचालन गरेको सोहि प्रकृतिका अन्य सिंचाइ योजनाहरु उपभोक्ता समितिबाट गराउदा पालिकाबाट स्वीकृत भएको दररेटको आधारमा गराइ भुक्तानि दिएको पाइएको हुदाँ एकै स्थानका एकै प्रकृतिका निर्माण काममा फरक दरको हिसाबले निर्माण काम गराउदाँ पालिकालाइ थप ब्ययभार पर्ने हुनाले पालिकाले साना सिंचाइका योजनाहरुमा बढि भुक्तानि भएको रकम यकिन गरि असुल गर्नु गराउनु पर्ने देखिन्छ । नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देहायमा उल्लेख गरेका योजनाहरुमा पालिकाको स्विकृत दर भन्दा बढि भुक्तानि भएको रु.९८९९०।०० बढि व्ययभार परेको रु

| अनियमित भएको | ९८,९९० |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा ६०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६१ **बराहापोखरी ताल पैदलमार्ग निर्माण उपभोक्ता समिति** – गाउँपालिका र संघिय पर्यटन मन्त्रालय अन्तर्गतको जिविकोपार्जन पुरुत्थानका लागि दिगो पर्यटन परियोजना (STLRP) बिच मिति२०७९।७।३० सम्म कार्यक्रम संचालन गर्न रु.२२२८६१७।०० मध्ये ५० प्रतिशत लागत साझेदारीको रुपमा व्यहोर्ने गरि मिति २०७९।७।४ मा सम्झौता गरेको र कार्यक्रम संचालन दुइ पक्षबिच भएको सम्झौता तथा अनूसुचि ३ को परिधि र सिमाभित्र रहि गर्नु गराउनुपर्ने उल्लेख गरेको पाइयो । पालिकाले सम्झौतामा तोकिएको म्यादभित्र काम नगरि धेरै ढिलो गरि मिति २०७९।१२।३० मा मात्र बराहापोखरी ताल पैदलमार्ग निर्माण उपभोक्ता समितिबाट काम सम्पन्न गरेको तथा अनुसुचि ३ बमोजिम फोहोरमैला व्यवस्थापनमा रु.८५००००।०० मात्र खर्च गर्न मिल्नेमा अन्य शिर्षकहरुमा काम नगरि तथा कम गरेको कारण ति शिर्षकमा बचत रकमबाट फोहोरमैला कार्यक्रममा रु.१०२४६८५।०० खर्च गरि भुक्तानि दिएकोले बढि भुक्तानि रु.१७४६८५।०० नियमसम्मत नहुनुको साथै संघिय सरकारको योगदान ५० प्रतिशतले हुने रु.८७३४२।०० फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८७,३४२ |

६२ **पाँचकन्या मा.बि.** – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गराउँदा स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार हुने रकममा मुल्य अभिवृद्धि कर लाग्ने सामानको मुल्य अभिवृद्धि कर समेत हुने दरमा सम्झौता गरी भुक्तानी गर्नुपर्ने ब्यवस्था अनुरुप गाउँपालिकाले यस आर्थिक वर्ष २०७९।८० को लागि निर्माण काम गराउनको लागि बिभिन्न आइटमको दर बिश्लेषण तयार गरि स्विकृत गरेको छ । पाँचकन्या मा.बि.को रेलिङ्ग निर्माणमा गो भौ नं १२।२०८०।१।२५ बाट रु.२८५०००।०० भुक्तानि भएकोमा एस एस ३०४ को ४ लाइन २ इन्च १.५ इन्च १ इन्च स्टेनलेस स्टिलको ५३.५५ र.फिटको दररेट रु २०५०।०० ले भुक्तानि हुनुपर्नेमा रु २३१६.५० ले भुक्तानि भइ बढि भुक्तानि रु.१४२७१।०० र एस एस २०२ को ४ लाइन २ इन्च १.५ इन्च १ इन्च स्टेनलेस स्टिल ६८.२५ र.फिटको दररेट रु.१४००।०० ले भुक्तानि हुनुपर्नेमा रु.१५८२ ले भुक्तानि भइ बढि भुक्तानि रु.१२४२१।०० गरि उपभोक्ताको योगदान १०.६३ प्रतिशत कट्टा गरि रु.२३८५४।०० असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,८५४ |

६३ **पाँचकन्या आ.बि.** – आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । पाँचकन्या आ.बि.वडा नं २ लाइ ल्यापटप खरिदमा रु.६५०००।०० र फर्निचर खरिदमा रु.६५०००।०० बजेट व्यवस्था भए अनुसार बिद्यालयबाट कश्यप सप्लायर्स उदयपुरबाट ल्यापटप खरिद गरि रु.७२३००।०० फोटोकपि बिजक पेश गरेको आधारमा पालिकाले गो भौ नं ८।२०७९।१२।१५ बाट रु.१२५०००।०० भुक्तानि दिएको पाइयो ।

यसरि ल्यापटप खरिदको लागि बिनियोजित बजेट भन्दा बढिको बिजक पेश गरेको भएपनि बिल बमोजिमको रकम भुक्तानि दिन नमिल्नुको साथै सक्कल बिजक पेश हुनुपर्दछ । साथै फर्निचर खरिदको लागि बिनियोजित बजेट रु.६५०००।०० बाट फर्निचर खरिद नगरेकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६५,००० |

६४ **विपद् व्यवस्थापन कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाको यस कोषमा गत बिगत वर्षदेखि बजेट रु.५११६९१३।०० मौज्दात रहेको अवस्थामा वडा नं ३ र ४ मा रेबिज फैलिएको कारण सो स्थानका मानिस तथा पशुहरुलाइ रेबिज बिरुद्धको खोप ३ डोज लगाउने कामको लागि गाउँकार्यपालिकाको मिति २०७९।५।१३ र २८ गतेको निर्यण गरि अन्य योजना तथा कार्यक्रममा बिनियोजन भएको रकम रु.१२०००००।०० संशोधन गरि मानिसको लागि १६५० डोज र पशुहरुको लागि ९०४ डोज खरिद गरि ढुवानि सहित रु.११७९०००।०० खर्च गरेको पाइयो । वडा नं ३ र ४ मा रेबिज फैलिएको कारण सो स्थानका मानिसलाइ ३ डोज खोप लगाउने मानिसहरुको बिबरण अध्यावधिक गरि खर्चको श्रेस्तासाथ संलग्न गरेको पाइएन । पालिकामा भैपरि आउने विपदको लागि बिपद व्यवस्थापन कोषबाट खर्च गर्न कानून बनाइ सोहि कोषबाट खर्च गर्नुपर्नेमा अन्य कार्यक्रममा बिनियोजित बजेटबाट संशोधन गरि रेबिज भ्याक्सिनको लागि भएको खर्च रु.११७९०००।०० नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ११,७९,००० |

६५ **ढिला दाखिला**

६५.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यात्तिले बैक दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । दफा २८ बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदि सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । ऐनबमोजिम आफ्नो जिम्मामा आएको सरकारी रकम समयमा दाखिला नगरि ढिला दाखिला गरेको नदेखिएकाले छानविन गरि जरिवाना सहित असुल गर्नुपर्ने रकम रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,०७३ |

**(विस्तृत विवरण बेरूजु दफा ६५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६५.२ **राजश्व दाखिला –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्याक्तिले बैक दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । दफा २८ बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदि सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । ऐनबमोजिम आफ्नो जिम्मामा आएको सरकारी रकम आर्थिक वर्ष समाप्त भएपछि ढिला समयमा दाखिला गरेकोले छानविन गरि जरिवाना सहित असुल गर्नुपर्ने रकम रु.

| जिम्मेवार व्याक्ति | वडा नं. | ढिला दाखिला रकम रु. | १० प्रतिशत जरिवाना रु. | जम्मा रु. |
|---|---|---|---|---|
| देवान राई | ५ | ११२५५ | ११२५ | ११२५ |
| **जम्मा रु.** | | | | **११२५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१२५ |

६६ **यातायात खर्च** – गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को अनुसूची १ (क) मा गाँउपालिका अध्यक्षको रु.१००००/-, उपप्रमुखको रु.१००००/-, वडाध्यक्षको रु.४०००/- र कार्यपालिका सदस्यको रु.२५००/- वडा सदस्यको रु २०००।मासिक यातायात खर्चको व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार निम्न पदाधिकारी हरुलाइ सवारिसाधन तथा मासिक यातायात खर्च दुवै सुविधा दिएको पाइएकोले यातायात खर्च रकम असुल गर्नुपर्ने रु

| पद | नाम | उपलब्ध गराएको सवारी साधन | मासिक यातायात खर्च | बार्षिक यातायात खर्च |
|---|---|---|---|---|
| वडाध्यक्ष | सन्तोष आचार्य | पल्सर २२० | ४००० | ४८००० |
| वडाध्यक्ष | दुर्गा बहादुर राइ | पल्सर २२० | ४००० | ४८००० |
| वडाध्यक्ष | फौदराज राइ | पल्सर २२० | ४००० | ४८००० |
| **जम्मा** | | | | **१४४०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४४,००० |

६७ **कर्मचारी अध्ययन भ्रमण** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।कर्मचारीको सेवा सर्त सुविधा सम्वन्धि कानून नबनेको अवस्थामा पालिकाले बार्षिक बजेटमा कर्मचारी

अध्ययन भ्रमण शिर्षकमा रु ३ लाख वजेट व्यवस्था गरि कर्मचारी अध्ययन भ्रमण वापत खाना तथा होटलवासमा रु.१४९६६० । र गाडिभाडामा रु.१३०३४० गरि जम्मा रु.२८०००० । खर्च लेखेको पाइयो। कर्मचारी अध्ययन भ्रमण सम्वन्धि ऐन तथा कार्यविधि नभएको अवस्थामा कर्मचारीको भ्रमण आदेश स्वीकृत नगरी ,भ्रमण गर्ने कर्मचारीको संख्या उल्लेख नगरी खर्च लेखेको रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,८०,००० |

## ६८ सोझै खरिदः

**जिन्सी सहायक खाता** – महालेखा नियन्त्रक कार्यालयको पत्र संख्या २०७६/७७, च नं १, मिति २०७६/४/१ को पत्र अनुसार महालेखापरीक्षक बाट स्वीकृत भएका म ले प फारमहरु प्रयोगमा ल्याउनुपर्ने व्यवस्था बमोजिम कार्यालयले म ले प फारम ४१२ बमोजिमको ढाँचामा मालसामान बुझिलिने र बुझाउनेको नाम र दस्तखत, मालसामानको नाम, परिमाण, स्पेशिफिकेशन, सामानकको पहिचान नं, मोडल नं, सामान बुझाएको र फिर्ता गरेको मिति र मुल्य समेत खुलाइ जिन्सि सहायक खाता राख्नुपर्ने व्यवस्था छ। पालिका ले जिन्सि सहायक खाता राखेता पनि तोकिएको ढाँचामा जिन्सि सहायक खाता राखेको पाइएन। सामान बुझाएको तथा फिर्ता गरेको स्पस्ट अभिलेख नराख्दा जिन्सि सामान हिनामिना हुने सम्भावना भएकोले तोकिएको ढाँचामा जिन्सि सहायक खाता अध्यावधिक गर्नु पर्दछ।

**परामर्श सेवा** – सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य तथा नियमावली २०६४,को नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई ,प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.२९७५९४०। खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्र्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

| भौचर नं र मिति | विवरण | रकम |
|---|---|---|
| ३८९।२०८०।३।२१ | भू उपयोग वर्गिकरण तथा नक्सा तयारी वापत रयाम्प इन्जिनियरिङ प्रा लि लाइ भुक्तानी | १२९५५४५ |
| ४२०।२०८०।३।२३ | विभिन्न आयोजनाको प्राविधिक काम वापत वि एम एस प्रा लि काठमाण्डौ लाइ भुक्तानी | १२९५४५ |
| ४२६।२०८०।३।२४ | कर्मचारी संगठन तथा व्यवस्थापन सर्भेक्षण वापत ब्राइटरुट एकेडेमि काठमाण्डौ लाइ भुक्तानी | ४९७००० |

**सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.१० लाख भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी मसलन्द तथा कार्यालय सामग्रि खरिदमा निम्न अनुसार रु.३२१७२५७/- खर्च गरेको पाइयो । कानुनको पालना नगरी खर्च गरेको रकम नियमित देखिएन।

| भौचर नं र मिति | फर्मको नाम | सामान | रकम |
|---|---|---|---|
| ३५५।२०८०।३।८ | न्यू पशुपति छापाखाना | मसलन्द तथा कार्यालय सामग्रि | ९९२५६३ |
| २५२।२०७९।१२।१० | न्यू पशुपति छापाखाना | मसलन्द तथा कार्यालय सामग्रि | ९९५१३४ |
| ८२।२०७९।७।४ | न्यू पशुपति छापाखाना | मसलन्द तथा कार्यालय सामग्रि | १०००००० |
| ३९३।२०८०।३।२१ | इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्स | मसलन्द तथा कार्यालय सामग्रि | ६४८३० |
| ४१९।२०८०।३।२३ | इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्स | मसलन्द तथा कार्यालय सामग्रि | ६४८३० |
| १४७।२०७९।१०।११ | इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्स | मसलन्द तथा कार्यालय सामग्रि | ९९९०० |
| **जम्मा** | | | **३२१७२५७** |

सैद्धान्तिक बेरुजु

६९ **फरक खर्च शिर्षक** – स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३( ७ )मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी गरेको अनियमित रु

| भौचर नं र मिति | विवरण | खर्च लेख्नुपर्नै शिर्षक | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|---|
| ३९।२०७९।५।३१ | एस के ट्रेडर्स गाइघाट को इन्धन विल भुक्तानी | इन्धन | मेशिन औजार मर्मत | ६००००० |
| ४३३।२०८०।३।२४ | गाडिभाडा वापत पुष्पराज निरौला लाइ भुक्तानी | सवारि साधन तथा मेशिन औजार भाडा | भ्रमण खर्च | १३२००० |
| **जम्मा** | | | | **७३२०००** |

| अनियमित भएको | ७,३२,००० |
|---|---|

